"स्वच्छ, सुन्दर, र समुन्नत शहर, मधेशको शान लालबन्दी नगर"

# लालबन्दी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही
मधेश प्रदेश, नेपाल

## कानूनी परामर्शको सेवा प्रदान गर्ने प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना।

**(प्रथम पटक प्रकाशित मिति : २०८१/०४/०२)**

चालु आ.ब. २०८१/०८२ को लागि यस नगरपालिका विरुद्ध विभिन्न अदालतमा पर्ने मुद्धा मामिलाहरुको प्रतिरक्षा गर्न, स्थानीय कानून निर्माण गर्न, न्यायिक समिति र नगरपालिकामा अन्य कार्यहरुमा कानुनी परामर्श लिन कानूनी परामर्शदाताको आवश्यकता भएको हुँदा बार्षिक अधिकतम रु.५,००,०००/- (अक्षरेपि पाँच लाख मात्र) परामर्श सेवा शुल्क नबढ्ने गरी तपसिलको कागजात सहित ईच्छुक योग्यता पुगेका कानूनी फर्म/संस्था वाट ७(सात) दिन भित्र प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**गर्नु पर्ने कार्यको विवरण :**

१. लालबन्दी नगरपालिका, लालबन्दी, सर्लाही विरुद्ध सर्वोच्च अदातल काठमाण्डौ, उच्च अदालत जनकपुर र जिल्ला अदालत सर्लाहीमा पर्ने मुद्दाहरुमा लालबन्दी नगरपालिका, कार्यपालिका, नगर प्रमुख, उपप्रमुख, कार्यपालिका सदस्य, वडा अध्यक्ष, वडा सदस्य, नगर कार्यपालिकाको कार्यलायका प्रमुख तथा कर्मचारीको तर्फबाट लिखित जवाफ तथा प्रतिउत्तर पत्र तयार गर्ने, बहस पैरवी गर्ने ।

२. लालबन्दी नगरपालिका अन्तरगतको न्यायिक समितिमा पर्ने उजुरीहरुको अध्ययन र कानूनी व्यवस्था विश्लेषण गरी न्यायिक समितिलाई आवश्यक राय परामर्श दिने।

३. लालबन्दी नगरापालिका लालबन्दी, सर्लाहीका नगर प्रमुख, उपप्रमुख, कार्यपालिका सदस्य, वडा अध्यक्ष, वडा सदस्य, नगर कार्यपालिकाको कार्यलायका प्रमुख तथा कर्मचारीलाई लालबन्दी नगरपालिकाले तर्जुमा गर्ने ऐन, कानून, नियम, कार्यविधि, निर्देशिका तयारी तथा कार्यान्वयनका सन्दर्भमा आवश्यक राय सुझाव तथा परामर्श दिने।

**आवश्यक योग्यता, अनुभव र संलग्न गर्नु पर्ने कागजात को विवरण :**

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि
२. संस्था नवीकरण भएको प्रतिलिपि
३. स्थायी लेखा नम्बर वा मु.अ. कर दर्ता प्रमाण पत्रको प्रतिलिपि
४. आ.ब.२०७९/०८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
५. कानुनी परामर्श सेवा दिने विशेषज्ञ व्यक्तिको व्यक्तिगत विवरण र नागरिकताको प्रतिलिपि
६. विशेषज्ञ व्यक्तिको कानुन व्यवसायी परिषदमा आवद्धताको प्रमाणपत्रको प्रतिलिपि
७. तोकिएको कार्य विवरण अनुसार कार्य गर्ने प्रतिवद्धता
८. संस्था कालो सूचीमा नपरेको भन्ने स्वघोषण पत्र

.....................
प्रमुख प्रशासकीय अधिकृत